# बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७६

**प्रस्तावना :** बालबालिकाको सुरक्षा,संरक्षण,विकास र सहभागिता अभिबृद्धि गर्दै बालअधिकारको सम्मान, पालना, सम्वर्द्धन, परिपुर्ति एवम् बालमैत्री स्थानीय तह निर्माण गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्ने बालअधिकार सम्बन्धि अन्तराष्ट्रिय महासन्धी, नेपालको संविधान, प्रचलित बालबालिका सम्बन्धि विद्यमान कानूनहरु तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले परिकल्पना गरेको विषयहरुलाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको भाग १८ धारा २२६ ले दिएको अधिकार तथा स्थानीय सरकार सञ्चलन ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७६/ / को वैठकले “बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७६” तयार गरी लागू गरेको छ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१. यस कार्यविधिको नाम “बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७६” रहेको छ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “संविधान” भन्नाले नेपालको संविधान, २०७२ लाई सम्झनु पर्दछ।

ख) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ।

ग) “कार्यविधि” भन्नाले माछापुच्छ्रे गाउँपालिकाद्वारा जारी गरिएको बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७६ सम्झनु पर्दछ।

घ) “बालबालिका” भन्नाले नेपालको कानून अनुसार १६ बर्ष पूरा नगरेका र अन्तराष्ट्रिय कानून अनुसार १८ वर्ष पूरा नभएको सबै व्यक्तिहरुलाई सम्झनु पर्दछ।

ङ) “बालबालिका डेक्स” भन्नाले माछापुच्छ्रे गाउँपालिकाले माछापुच्छ्रे गाउँपालिका कार्यालय र वडा कार्यालयमा स्थापना गरिएको बालबालिका सम्बन्धी काम गर्ने डेक्सलाई सम्झनु पर्दछ।

च) “सम्पर्क व्यक्ति” भन्नाले माछापुच्छ्रे गाउँपालिकाले माछापुच्छ्रे गाउँपालिका कार्यालय र वडा कार्यालय स्थापना गरिएको बालबालिका डेक्समा रही काम गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्दछ।

छ) “बालमैत्री स्थानीय शासन समिति” भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ बमोजिम गठन भएका समितिलाई सम्झनु पर्दछ।

ज) “बालक्लब” भन्नाले विद्यालय तथा समुदाय स्तरमा बालबालिकाहरुको सहभागितामा गठन भएका माछापुच्छ्रे गाउँपालिकामा सूचीकृत भै सञ्चालनमा रहेका बाल समूहहरुलाई सम्झनु पर्दछ।

झ) “संरक्षक तथा संरक्षक शिक्षक” भन्नाले नियमित रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न समुदायको हकमा संरक्षक र विद्यालयको हकमा संरक्षक शिक्षक भन्ने बुझ्नु पर्दछ।

ञ) “प्रधान संरक्षक” भन्नाले विद्यालयमा गठन भएका बालक्लब तथा संरक्षक शिक्षकलाई नियमित रुपमा अनुगमन, नियन्त्रण, निर्देशन र व्यवस्थापनका लागि संबन्धित विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्दछ।

ट. “बालक्लब सञ्जाल” भन्नाले माछापुच्छ्रे गाउँपालिका तथा वडास्तरमा गठन भएका बालक्लबहरुको सञ्जाललाई सम्झनु पर्दछ।

ठ) “गैरसरकारी संस्था” भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका र स्थानीय तहसगँ समन्वय गरी कार्य सञ्चालन गर्ने गैरनाफामुलक सामाजिक संस्था सम्झनु पर्दछ।

ड) “बालविकास केन्द्र” भन्नाले गाउँपालिका तथा वडाका समुदायस्तरमा स्थापना भएका प्राथमिक बाल शिक्षा केन्द्रलाई सम्झनु पर्दछ।

ढ) “स्थानीय तह” भन्नाले गाउँपालिकालाई सम्झनु पर्दछ।

ण) “बाल कल्याण कोष” भन्नाले बालअधिकारको संरक्षण र सम्वर्द्धन गर्नका लागि माछापुच्छ्रे गाउँपालिकामा खडा गरिएको बालकल्याण कोषलाई सम्झनु पर्दछ।

त)	"प्रमाणपत्र" भन्नाले गाउँपालिका कार्यालयमा सूचीकृत भएका बालक्लबहरुलाई दिईने सूचीकृत प्रमाणपत्र सम्झनु पर्दछ ।

थ)	"गाउँपालिका" भन्नाले माछापुच्छ्रे गाउँपालिका सम्झनु पर्दछ ।

द)	"अध्यक्ष" भन्नाले माछापुच्छ्रे गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ध)	"उपाध्यक्ष" भन्नाले माछापुच्छ्रे गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

न)	"वडा" भन्नाले माछापुच्छ्रे गाउँपालिकाको वडा सम्झनु पर्दछ ।

प)	"वडाध्यक्ष" भन्नाले माछापुच्छ्रे गाउँपालिकाको वडाध्यक्ष सम्झनु पर्दछ ।

फ)	"सभा" भन्नाले माछापुच्छ्रे गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

ब)	"कार्यपालिका" भन्नाले माछापुच्छ्रे गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

३.	**उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

क.	सवै प्रकारका बालबालिकाको अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्न ।

ख.	बालमैत्री स्थानीय शासन र विद्यालय शान्तिक्षेत्र अभियान प्रवर्द्धन गर्न ।

ग.	बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न ।

घ.	बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हानी र जोखिम न्यूनीकरण गर्न ।

ङ.	बालबालिकाको अभिलेख घटना व्यवस्थापन, सूचना, तथ्यांक, जन्मदर्ता व्यवस्थापन गर्न ।

च.	बालअधिकार संरक्षण र सम्वर्द्धनका लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरुविच समन्वय, सहकार्य र साझेदारी स्थापना गर्न ।

## परिच्छेद - २
## बालमैत्री स्थानीय शासन समिति बालबालिका डेक्सको स्थापना र संचालन

४.	**बालमैत्री स्थानीय शासन समिति गठन**

बाल बचाउ, बालसंरक्षण, बालविकास र बाल सहभागिताको विषयमा स्थानीय तहको नीति, संरचना, पद्धति र कार्यप्रकृयामा मुल प्रवाहीकरण गर्नका लागि बालमैत्री स्थानीय शासन रणनिति २०६८ ले दिएको अधिकारका आधारमा एक बालमैत्री स्थानीय शासन समिति गठन हुनेछ । जसमा निम्नानुसारका सदस्यहरु रहनेछन ।

१. अध्यक्ष, माछापुच्छ्रे गाउँपालिका - अध्यक्ष

२. उपाध्यक्ष, माछापुच्छ्रे गाउँपालिका - उपाध्यक्ष

३. माछापुच्छ्रे गाउँपालिकाले मनोनयन गरेको स्वास्थ्य सस्थाका प्रमुख प्रतिनिधि १ जना -सदस्य

४. शिक्षा शाखाप्रमुख प्रतिनिधि १ जना - सदस्य

५. महिला बालबालिका प्रमुख प्रतिनिधि १ जना - सदस्य

६. गैसस प्रतिनिधि महिला र बालबालिकाको क्षेत्रमा कार्यरत १ जना - सदस्य

७. स्थानीय तहका विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट माछापुच्छ्रे गाउँपालिकाले मनोनयन गरेको प्रतिनिधि १ जना - सदस्य

८. माछापुच्छ्रे गाउँपालिका भित्र कार्यरत महिला शिक्षिका वा महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट गाउँपालिकाले मनोनयन गरेको प्रतिनिधि १जना - सदस्य

९. माछापुच्छ्रे गाउँपालिकास्तरीय बाल सञ्जालका प्रतिनिधि २ जना कम्तीमा १ जना बालिका समेत -सदस्य

१०. माछापुच्छ्रे गाउँपालिका बाल संरक्षण समितिको १ जना - सदस्य

११. माछापुच्छ्रे गाउँपालिकाका बालबालिका डेक्स हेर्ने - सदस्य

१२. प्रमुख प्रशासकीय अधिकृत माछापुच्छ्रे गाउँपालिका - सदस्य सचिव

५.	**बालमैत्री स्थानीय शासन समितिको काम कर्तव्य अधिकारः**

क.	माछापुच्छ्रे गाउँपालिकाको नीतिगत निर्णयहरु गर्ने ।

ख. माछापुच्छ्रे गाउँपालिकाको बालबालिका सम्बन्धी योजनाहरुको अन्तिम निर्णय गर्ने।

ग. माछापुच्छ्रे गाउँपालिकामा कार्यरत निकायहरुलाई बालबालिका सम्बन्धि कार्यमा समन्वय गरिदिने।

घ. माछापुच्छ्रे गाउँपालिकामा भएका बालबालिका सम्बन्धि कार्यहरुको समग्र अनुगमन गर्ने ।

ङ. माछापुच्छ्रे गाउँपालिकामा बालमैत्री स्थानीय शासनका लागि अनुसूची ४ मा उल्लेख भए अनुसारको सुचक पुरा गर्नका लागि नेतृत्व तथा सहजीकरण गर्ने ।

च. बालमैत्री स्थानीय शासन समितको वैठक वर्षमा कम्तीमा ३ पटक बस्नेछ ।बैठकको कार्यविधि समिति आफैले तय गरे अनुसार हुनेछ ।

**६. बालबालिका डेक्सको स्थापना :**

१. प्रत्येक वडा कार्यालयमा र माछापुच्छ्रे गाउँपालिका कार्यालयमा बालबालिका डेक्स स्थापना गरिने छ । बालबालिका डेक्स सञ्चालन गर्नको लागि कम्तीमा एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकिने छ ।

२. बालबालिका डेक्सको काम, कर्तव्य र सञ्चालन देहाय बमोजिम हुनेछ ।

क. सबै प्रकारका बालबालिको तथ्यांक र सूचनाको अधयावधिक गर्ने ।

ख. बालक्लब तथा बालसञ्जालको सूचीकृत गर्ने ।

ग. बालबालिका, माछापुच्छ्रे गाउँपालिका र सरोकारवालाहरुविच सम्बन्ध र समन्वय विस्तार गर्ने ।

घ. बाल संरक्षण समिति, बालमैत्री स्थानीय शासन समिति, बाल संरक्षक, संरक्षक शिक्षक, प्रधान संरक्षक, बालक्लब, बालक्लब सञ्जालहरुविच समन्वय सहकार्य गर्ने ।

ङ. बालअधिकारमा आधारित सहभागितामूलक विधिबाट बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन र क्रियाकलापहरुमा सहजीकरण गर्ने ।

च. बाल क्लब, बालक्लब सञ्जाल गठन तथा बाल भेलाको सहजीकरण गर्ने ।

छ. गाउँपालिकाले तोकेको बालबालिका सम्बन्धी अन्य कार्य गर्ने ।

**७. बाल संरक्षण समिति गठन काम कर्तव्य र अधिकार :**

७.१. माछापुच्छ्रे गाउँपालिकामा देहाय बमोजिमको बालसंरक्षण समिति गठन गरिनेछ ।

क. माछापुच्छ्रे गाउँपालिकाको उपाध्यक्ष : संयोजक

ख. संरक्षक शिक्षकहरु मध्येबाट १ जना : सदस्य

ग. महिला स्वास्थ्य कार्यकर्ताहरुमध्येबाट १ जना : सदस्य

घ. माछापुच्छ्रे गाउँपालिकामा बालअधिकारको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाहरुमध्येबाट १ जना सदस्य

ङ. गाउँ शिक्षा समितिबाट १ जना : सदस्य

च. माछापुच्छ्रे गाउँपालिका बालक्लब सञ्जालबाट १ जना : सदस्य

छ. आदीवासी, जनजाति, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्गसमुदायको यथासम्भव प्रतिनिधित्व हुने गरी कम्तीमा १ महिला सहित ३ जना : सदस्य

ज. माछापुच्छ्रे गाउँपालिकामा रहेको प्रहरी कार्यालयको प्रमुख : सदस्य

झ. बालबालिका डेक्स हेर्ने सम्पर्क व्यक्ति : सदस्य सचिव

७.२ बाल संरक्षण समितिको काम कर्तव्य र अधिकार :

क. बालबालिकाको तथ्यांक संकलन र अद्यावधिक गर्ने र गाउँपालिकामा पेश गर्ने ।

ख. माछापुच्छ्रे गाउँपालिकामा बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था, बाल क्लब मञ्च, समूह, बाल संरक्षण समिति, निगरानी समिति, मेलमिलाप केन्द्र, आपतकालीन संरक्षण केन्द्र लगायतका निकायहरुको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरुसँग आवश्यक समन्वय सहकार्य र साझेदारी गरी बाल अधिकारको संवर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।

ग. बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी संघीय सरकार प्रदेश सरकार र स्थानीय सरकारका विभिन्न निकायहरु र विकासका साझेदार संस्थासँगको समन्वयमा आधारित कार्यक्रमहरुको तर्जुमा र कार्यक्रमको रेखदेख अनुगमन मुल्याङ्कन र निरीक्षण गर्ने ।

घ. बाल अधिकारको संरक्षण र संम्बर्द्धनका लागि चेतना अभिबृद्धि जागरण सृजना गर्ने।

ङ. स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा समन्वय र साझेदारी गर्ने । कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिने ।

च. बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारीस गरी पठाउने एवम् समन्वयकारी भूमिका प्रदान गरिदिने ।

छ. बालबालिकाको निमित्त आकस्मिक सहयोगको तथा दिगो विकासका लागि श्रोत (आर्थिक भौतिक तथा मानवीय) व्यवस्था मिलाउने ।

ज. वाल संरक्षणका विषयमा वकालत गर्ने ।

झ. शिक्षा स्वास्थ्य लगायतका क्षेत्रको बार्षिक योजनामा समेत बालसंरक्षण सम्बन्धि भूमिका (विशेष गरी हिंसा दुर्व्यवहार आदिको बारेमा सूचना प्रवाह तथा उजुरी) समावेश गर्न सहजीकरण गर्ने ।

ञ. वालसंरक्षण संरक्षण सम्बन्धि कार्यका लागि आवश्यक पर्ने सेवाहरु को लागि माछापुच्छ्रे गाउँपालिकाबाटै वा अन्य स्थानीय तह गैर सरकारी सेवा प्रदायक वा नीजि क्षेत्रबाट परिचालन गर्न सकिने गरी सूचीकरण तथा सिफारीसको प्रबन्ध मिलाउने ।

ट. नियमित अनुगमन गर्ने ।

ठ. बालबालिकासगँ सम्बन्धित दिवसहरु गाउँपालिका स्तरीय निकायहरुसँगको समन्वय तथा सहकार्यमा मनाउने ।

ड. वडा बाल संरक्षण समितिहरु, बालक्लब सञ्जालहरु, सरोकारवालाहरु र माछापुच्छ्रे गाउँपालिका विच समन्वय, सहकार्य र सम्पर्क गर्ने ।

ढ. माछापुच्छ्रे गाउँपालिकामा बालबालिका सम्बन्धि सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगती पेशगर्ने ।

७.३ समितिको वैठक सम्बन्धि कार्यविधि :

क. समितिको वैठक महिनामा कम्तीमा १ पटक बस्नेछ ।

ख. समितिको वैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

ग. समितिको वैठकमा कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

घ. गाउँपालिका स्तरीय बालसंरक्षण समितिको पदावधि पाँच वर्षको रहने छ ।

## ८. वडा बाल संरक्षण समितिको गठन काम कर्तव्य र अधिकार :

८.१ वडामा देहाय बमोजिमको वडा बाल संरक्षण समिति गठन गरिनेछ ।

क. वडाध्यक्ष - संयोजक

ख. संरक्षक शिक्षकहरुमध्येबाट १ जना - सदस्य

ग. महिला स्वास्थ्य कार्यकर्ताहरुमध्येबाट १ जना - सदस्य

घ. सम्बन्धित वडामा बालअधिकारको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाहरुमध्येबाट १ जना - सदस्य

ङ. विद्यालय व्यवस्थापन समिति बाट १ जना - सदस्य

च. वडाबालक्लब सञ्जालबाट कम्तीमा १ बालिका सहित २ जना - सदस्य

छ. आदिवासी, जनजाति, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्ग समुदायको यथासम्भव प्रतिनिधित्व हुनेगरी कम्तीमा १ महिलासहित ३ जना - सदस्य

ज. वडा बालबालिका डेस्क हेर्ने सम्पर्क व्यक्ति - सदस्य सचिव

८.२ वडाबाल संरक्षण समितको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क. सम्बन्धित वडामा विशेष हेरचाह र संरक्षणको आवश्कता भएका बालबालिका तथा सबै बालबालिकाको तथ्याकं संकलन गर्ने, अध्यावधिक गर्ने रमाछापुच्छ्रे गाउँपालिकामा पेश गर्ने ।

ख. वडामा बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था, बालक्लब, बालमञ्च, समूह, बाल संरक्षण समिति, निगरानी समिति, मेलमिलाप केन्द्र, आपतकालिन संरक्षण केन्द्र लगायतका निकायहरुको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरुसँग आवश्यक समन्वय सहकार्य र साझेदारी गरी बाल अधिकारको सम्वर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।

ग. बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी स्थानीय सरकारका विभिन्न निकायहरु र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरुको तर्जुमा तथा कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने र बालबालिका सँग सम्बन्धित योजना तर्जुमा कार्यक्रमको रेखदेख अनुगमन मूल्याङ्कन र निरिक्षण गर्ने ।

घ. बाल अधिकारको संरक्षण र संम्बर्द्धनका निमित्त चेतना अभिवृद्धि, जागरण सृजना गर्ने ।

ङ. स्थानीय संघ संस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्ने। बालबालिकालाई प्रत्यक्ष लाभ पुग्ने खालका कार्यक्रमको सञ्चालन गर्नका लागि आवश्यक परामर्श सुझाव तथा निर्देशन दिने ।

च. बालअधिकार हननका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारीस गरी पठाउने एवम् समन्वयकारी भूमिका प्रदान गर्ने ।

छ. बालबालिकाको निमित्त आकश्मिक सहयोग तथा दिगो विकासका लागि श्रोत (आर्थिक, भौतिक तथा मानवीय) व्यवस्था मिलाउने ।

ज. बाल संरक्षणका विषयमा वकालत गर्ने र माछापुच्छ्रे गाउँपालिकालाई बाल संरक्षणमा प्रभावकारी हुन मद्दत गर्ने ।

झ. बाल क्लब, वडा बाल क्लब सञ्जाल, सरोकारवालाहरु र माछापुच्छ्रे गाउँपालिकाविच समन्वय र सम्पर्क गर्ने ।

ञ. वडामा बालबालिका सम्बन्धि सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगती माछापुच्छ्रे गाउँपालिकामा पेश गर्ने ।

ट. शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको बार्षिक योजनामा समेत बाल संरक्षण सम्बन्धि भुमिका (विशेष गरी हिंसा दुर्व्यवहार आदिको बारेमा सूचना प्रवाह तथा उजुरी) समावेश गर्न सहजीकरण गर्ने ।

ठ. बाल संरक्षण सम्बन्धि कार्यका लागि आवश्यक पर्ने सेवाहरु (जस्तै तत्कालका आवश्यकता परिपुर्ति, सुरक्षित आवास, वैकल्पिक स्याहार, मनोविमर्श, उद्दार पुनर्रस्थापना, परिवार शिक्षा, कानूनी सहायता तथा उपचार, छात्रवृति, आयआर्जन आदि)को लागि सम्बन्धित माछापुच्छ्रे गाउँपालिकाबाटै वा अन्य स्थानीय तह गैरसरकारी सेवा प्रदायक वा निजी क्षेत्रबाट परिचालन गर्न सकिने गरी सूचीकरण तथा सिफारीसको प्रबन्ध मिलाउने ।

ड. अनाधिकृत व्यक्ति,संस्था वा निकायले बालबालिकामा दीर्घकालिन प्रभाव पर्ने विषयमा आफूखुशी निर्णय गर्ने वा घटना लुकाउने जस्ता कार्यहरु हुन नदिन नियमित अनुगमन गर्ने ।

ढ. बालबालिका सँग सम्बन्धित दिवसहरु गाउँपालिका स्तरिय निकायहरुसँगको समन्वय तथा सहकार्यमा मनाउने ।

८.३ समितिको वैठक सम्बन्धि कार्यविधि :

क. समितिको वैठक महिनामा कम्तीमा १ पटक बस्नेछ ।

ख. समितिको वैठकमा बालबालिकाको क्षेत्रमा कार्यारत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

ग. समितिको वैठकमा कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई वैठकको निर्णय मानिनेछ ।

घ. वडाभित्र आवश्यकताको आधारमा वडा बाल संरक्षण समितिलाई सहयोग गर्न समुदाय स्तरमा बढिमा ७ सदस्यीय बाल संरक्षण समितिहरु गठन गर्न सकिनेछ ।सो समितिको संयोजक वडा समितिले मनोनित गर्नेछ उक्त समितिमा बाल क्लब, संरक्षक शिक्षक, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य कार्यकर्ता, स्वास्थ्य स्वमसेविका, स्थानीय बालअधिकार अभियन्ता मध्येबाट रहनेछन् । यसको उत्तरदायित्व वडा समितिमा निहीत रहनेछ ।

ङ. बाल संरक्षण समितिको पदावधि २ वर्षको रहनेछ ।

**९. बाल क्लब र बाल क्लब सञ्जालको गठन, काम, कर्तव्य र अधिकार :**

क. प्रत्येक विद्यालयमा १ स्थायी बालक्लब रहनेछ । विद्यालयका सबै विद्यार्थीहरु यसका सदस्य रहनेछन् । बालबालिकाको भेलाबाट बालक्लबको वढीमा १५ सदस्यीय कार्यसमिति चयन हुनेछ जसमा ५० प्रतिशत बालिका सहित लैगिंक सामाजिक समावेशीकरणको सुनिश्चितता गरिने छ । बालक्लबको गठन तथा अधयावधिक प्रत्येक वर्षको विद्यार्थी भर्ना अभियान पछि एक महिना भित्र गरी संरक्षक र प्रधान संरक्षक शिक्षक तोकि विद्यालयको सिफारीस र सम्बन्धित वडाको सिफारीस समेतको आधारमा पालिकामा सूचीकृत गरिने छ । पालिकाले रितपूर्वक आएका बालक्लबहरुलाई आवद्धता सूचीकृतको अनुसूची १ अनुसारको प्रमाणपत्र र बालक्लबको विधान पालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गरी बालक्लबहरुलाई उपलब्ध गराउनुपर्नेछ । विद्यालयको हकमा बालक्लबमा सदस्य हुनका लागि ८ बर्ष उमेर पूरा भई १८ बर्ष ननाघेको हुनुपर्नेछ । कक्षाको हकमा कक्षा ५ देखि माथिको हुनुपर्नेछ ।

ख. समुदायको हकमा बालबालिकाको भेलाले बढीमा २१ सदस्यीय बालक्लब गठन गरी, संरक्षक तोकी एक महिना भित्र सम्बन्धित वडा तथा माछापुच्छ्रे गाउँपालिकामा सूचीकृत हुनुपर्नेछ ।

ग. बालक्लबले बालबालिकाको अधिकारका वकालतका अतिरिक्त शारीरिक, मानसिक, सम्वेगात्मक, सामाजिक विकास, वातावरण, जोखिम न्यूनीकरण, सिर्जनात्मक तथा रचनात्मक क्रियाकलापहरुको आयोजना समन्वय, सञ्चालन र सहभागिता गर्नेछन् ।

घ. बालक्लबको कार्यलाई सहयोग र विस्तार गर्नका लागि बालक्लबले विभिन्न उपसमितिहरु निर्माण गर्न सक्नेछ ।

ङ. बालक्लबको वैठकको आयोजना निम्नानुसार हुनेछ :-

१. सबै सहभागीहरुका लागि पहुँचका दृष्टिकोणले उपयुक्त स्थान र समयमा मासिक रुपमा वैठक सञ्चालन गर्नु पर्दछ ।

२. नियमित वैठक तथा छलफलका विषयहरु :

क. बैठकमा संरक्षकको उपस्थिति अनिवार्य हुनुपर्नेछ ।

ख. वैठक सामान्यतया अधिकतम २ घण्टाभन्दा बढी समय बस्न पाईने छैन ।

ग. बैठकको निर्णय तथा उपस्थिति वैठक पुस्तिकामा उतार गरी राख्नु पर्नेछ ।

घ. वैठकमा सामान्यतया निम्न प्रस्तावहरु छलफल हुनसक्नेछ :

१. अघिल्लो वैठकपछि भएका कार्यक्रम तथा प्रगतीहरुको समीक्षा ।

२. बाल क्लबको बारेमा सदस्य तथा अन्य बालबालिका र व्यक्तिहरुको धारणा ।

३. स्थानीय बालअधिकारको सवाल र गर्नुपर्ने गतिविधिहरु

४. आगामी कार्यक्रमको मिति, समय र स्थान तय, जिम्मेवारी विभाजन र श्रोत संकलन तथा आवश्यकता अनुसार अन्य विषयहरु ।

च. बालक्लब सञ्जालहरुको गठन :

१. बाल क्लबहरु विच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरुको सामूहीकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सृजना गर्न बाल क्लब सञ्जालको गठन गर्न सक्नेछ ।

२. बालक्लब सञ्जाल वडास्तर र माछापुच्छ्रे गाउँपालिका स्तरका हुनेछन् ।

३. बाल क्लब सञ्जाल गठन गर्नका लागि माछापुच्छ्रे गाउँपालिका र वडा तहमा बाल क्लबहरुका प्रतिनिधिहरुको भेलाको आयोजना गर्नु पर्नेछ ।

४. यस्तो भेलामा सञ्जालले समेट्ने क्षेत्रका बालक्लबहरुलाई भेलाको मिति भन्दा १५ दिन अगावै सूचना प्रदान गर्नु पर्दछ। सूचनामा देहायका विषयवस्तु समेटिएको हुनु पर्नेछ :

क. भेलाको मिति, समय र स्थान,

ख. भेलामा छलफल हुने विषयहरु,

ग. भेलामा आमन्त्रण गरिएको प्रत्येक बाल क्लबहरुको प्रतिनिधि संख्या,

घ. भेलामा सहभागीका लागि उपलब्ध सेवा र सुविधा,

ङ. अन्य आवश्यक विषयवस्तुको बारेमा पूर्व जानकारी दिनु पर्नेछ ।

५. बाल क्लबका प्रतिनिधिहरुले भेलामा सहभागी हुन देहायका शर्तहरु पुरा गर्नुपर्नेछ :

क. आफ्नो बाल क्लबमा छलफल गरी निर्णय गरेको हुनु पर्नेछ ।

ख. विद्यालयबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमती दिईएको हुनु पर्नेछ ।

ग. समुदायमा आधारित बाल क्लबको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अभिभावकको सहमति हुनुपर्नेछ।

६. बालक्लबले भेलामा दुई वा सो भन्दा बढी सहभागी माग भएको अवस्थामा बालक, बालिका तथा सबै जातजातिको समानुपातीक प्रतिनिधित्वको अनिवार्य व्यवस्था गराउनु पर्नेछ ।

७. सञ्जाल भेलामा सहभागी हुने बाल क्लब प्रतिनिधि उक्त सञ्जालको भौगोलिक क्षेत्रभित्रको बालक्लबमा आवद्ध भएको हुनु पर्नेछ ।

८. सञ्जालको नेतृत्व चयन भेलाको सहमतीको आधारमा दफा ९ मा व्यवस्था भए बमोजिमको हुनेछ। सञ्जालको नेतृत्वको पुनर्गठन प्रत्येक वर्ष गर्नुपर्नेछ ।

९. नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यवस्थापन :

क. बाल क्लब तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिकामाझ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनु पर्नेछ ।

ख. सम क्षमताका प्रतिस्पर्धिहरुलाई सहमती गराई एक आपसलाई स्वीकार्न सक्ने बनाउन पहिलो प्रयत्न गर्नु पर्नेछ ।

ग. प्रतिस्प्रर्धि बालबालिकालाई चक्रिय नेतृत्व, संयोजन समूह वा उपसमितिहरुको गठनबाट विभिन्न जिम्मेवारीहरु प्रदान गरी उनिहरुको भूमिका र सक्रियतालाई सहयोग गर्न सकिनेछ ।

घ. बालबालिकामाझ हुने प्रतिस्पर्धामा वयस्कहरुको प्रभाव र स्वार्थ चाहना र प्रभावबाट मुक्त राखिनुपर्नेछ ।

ङ. वडा तथा गाउँपालिकामा गठन भएका बालक्लब सञ्जालहरु गठन भएको एक महिनाभित्र माछापुच्छ्रे गाउँपालिका कार्यालयमा सूचीकृत गर्नुपर्नेछ ।

च. सूचीकृत भएका बालक्लब सञ्जालहरुले हरेक वर्ष अध्यावधिक गरी माछापुच्छ्रे गाउँपालिका कार्यालयमा नवीकरण गर्नुपर्नेछ। यसरी अध्यावधिक हुँदा सम्बन्धित सञ्जालले अध्यावधिक गर्ने व्यहोराको निवेदन, सञ्जालको वार्षिक भेलाको उपस्थिति, विद्यमान कार्यसमितिको नामावली, संरक्षकको नाम र ठेगाना र सञ्जालले अघिल्लो वर्ष सञ्चालन गरेका क्रियाकलापहरुको वार्षिक प्रगती प्रतिवेदन अनिवार्य संलग्न गर्नुपर्नेछ।

छ. बालक्लब तथा बालक्लब सञ्जालका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :

क. अध्यक्षको काम, कर्तव्यर अधिकार :

१. समूहको वैठक र समूहको साधारण सभाको अध्यक्षता ग्रहण गर्ने।

२. समूहको वैठक वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने गराउने।

३. समूहको आम्दानी, खर्च हिसाब र अन्य कागजात सुरक्षित राख्ने र राख्न लगाउने।

४. समूहको निर्णय, बाल संरक्षण समितिको, बालमैत्री स्थानीय शासन समितिको निर्देशन कार्यान्वयन गर्ने गराउने।

५. उपाध्यक्ष र सदस्यहरुलाई विषयगत कार्यभार विभाजन गरी दिने।

६. सात दिन भन्दा बढी समयका लागि अनुपस्थित भएमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएमा आफू मध्येका एक सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्ने।

७. बाल समूहसँग समन्वय गरी वा अन्य संघ संस्था वा निकायहरुसँग कार्यक्रमको माग गर्ने र कार्यान्वयन गर्ने गराउने।

८. तोकिएको अन्य कार्य गर्ने।

ख. उपाध्यक्षको काम, कर्तव्यर अधिकारः

१. अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्ष भै कार्य गर्ने।

२. तोकिएको अन्य काम गर्ने।

ग. सचिवको काम, कर्तव्यर अधिकारः

१. समूहको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने।

२. बालबालिका वा बाल समूहसँग सम्बन्धित व्यक्तिको अधावधिक अभिलेख राख्ने।

३. समूहको चल अचल तथा जिन्सी सम्पत्तिको लगत राख्ने।

४. समूहको वैठकको माईन्यूट गर्ने, निर्णय गर्ने पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने।

५. समूहको प्रशासकीय कार्य गर्ने।

६. अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने।

७. तोकिएको अन्य काम गर्ने।

घ. सहसचिवको काम, कर्तव्यर अधिकारस्

१. सचिवको अनुपस्थितिमा सचिवको कार्यभार सम्हाल्ने।

२. तोकिएको अन्य काम गर्ने।

ङ. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :

१. क्लब समूहको आय व्यय दुरुस्त राख्ने।

२. आर्थिक बजेट तयार गरी समूहको बैठकमा पेश गर्ने।

३. आर्थिक सहयोग जुटाउने।

४. आर्थिक कारोवार सम्बन्धि जिम्मेवारी पूरा गर्ने।

५. तोकिएको अन्य काम गर्ने।

च. सदस्यको काम, कर्तव्य र अधिकारस्

१. वैठकमा सहभागी हुने।

२. निर्णयका लागि आफ्नो मत पेश गर्ने।

३. तोकिएको अन्य काम गर्ने।

४. समूहको हित हुने अन्य रचनात्मक कार्य गर्ने।

## परिच्छेद - ३

**१०. बालबालिकाको संरक्षण र संम्बर्द्धनका लागि बाल कल्याण कोषको व्यवस्था :**

१. माछापुच्छ्रे गाउँपालिकामा एक वटा बालकल्याण कोषको स्थापना गरिने छ ।

२. कोषमा देहाय बमोजिमका रकमहरु रहने छन् :

क. स्थानीय तहबाट विनियोजित रकम,

ख. संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम,

ग. विदेशी सरकार, अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त रकम,

घ. अन्य विविध श्रोतबाट प्राप्त रकम ।

३. बालकोषको प्रयोग जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण तथा सम्वर्द्धनका लागि निम्न शिर्षकमा खर्च गर्न सकिनेछ ।

क. जोखिमपूर्ण श्रममा संलग्न रहेको,

ख. हराएको वा वेवारिसे अवस्थामा फेला परेको,

ग. ऋणको कारणले बन्धकमा रहेको वा जबरजस्ती श्रमबाट पीडित भएको,

घ. शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित भएको,

ङ. दुर्घटनामा परेको, प्राकृतिक वा दैवी प्रकोपमा परेको,

च. बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिस भएको,

छ. यौनशोषण, यौन दुर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेको,

ज. हिंसाबाट प्रभावित भएको,

झ. बाबुआमा वा संरक्षकबाट बञ्चित भएको,

ञ. अपागंता भएको,

ट. सुस्तमनस्थिति भएको,

ठ. अपहरण वा शरीर बन्धकमा परेको,

ड. सडक बालबालिका,

ढ. एच.आई.भी.एड्स संक्रमित भएको,

ण. जन्मने वित्तिकै आमा वा बुबाबाट तिरस्कृत भई संरक्षण विहीन अवस्थामा फेला परेको शिशु,

त. विभिन्न कारणबाट आमाबाबुबाट त्यागिएका र

थ. समितिले तोकेका अन्य बालबालिका ।

४. दफा ३ मा उल्लेख भए बाहेकको अन्य शीर्षकमा कोषको रकम खर्च गर्न सकिने छैन ।

५. दफा ४ मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको कुल खर्च रकमको १० प्रतिशत सम्मको रकम कोष सञ्चालक समितिको वैठक सञ्चालन तथा व्यवस्थापनमा लाग्ने खर्चका लागि उपयोग गर्न सकिने छ ।

११. कोष सञ्चालन गाउँपालिका बालमैत्री स्थानीय शासन समितिद्धारा हुनेछ ।

१२. समितिको काम कर्तव्य अधिकार र देहाय बमोजिमको हुनेछ :

क. जोखीम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्य उपचार गर्ने पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकाहरुलाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने ।

ख. कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने ।

ग. स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको निर्धारण गर्ने ।

घ. स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने।

ङ जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिईने रकमको मापदण्ड बनाई लागू गर्ने ।

च. जोखीम अवस्थामा रहेका बालबालिका सम्बन्धि अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने ।

छ. समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने ।

ज. बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने ।

झ. कोष वृद्धिको लागि श्रोतको खोजी गर्ने।

ञ. जोखिम अवस्थामा रहेका बालबालिकासम्बन्धी अन्य काम गर्ने वा गराउने ।

१३. समितिको वैठक र निर्णय :

क. समितिको वैठक आवश्यकता अनुसार बस्नेछ ।

ख. समितिको वैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

ग. समितिको वैठक बस्नुभन्दा कम्तीमा चौविस घण्टा अगावै समितिको सदस्य सचिवले वैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

घ. समितिको दुई तिहाई सदस्यहरु उपस्थित भएमा समितिको वैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

ङ. समितिको वैठकमा अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

च. समितिको वैठकमा बहुमतको राय मान्य हुनेछर मत बराबर भएमा वैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

छ. समितिको निर्णय समितिको सदस्य/सचिवले प्रमाणित गरी राख्नेछ ।

ज. समितिको वैठकसम्बन्धि अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

झ. जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुर्नस्थापना गर्नु पर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य/सचिवको आपसी सहमतीले आवश्यक हुने रकम निकासा खर्च गर्न सक्नेछन् । तर सो खर्च रकम समितिको वैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

१४. कोषको खाता सञ्चालन :

क. कोषको रकम समितिको निर्णयले नेपाल राष्ट्र बैङ्कबाट ईजाजत प्राप्त पायक पर्ने क वर्गको वैङ्कमा खाता खोली सञ्चालन गरिनेछ ।

ख. उपदफा क बमोजिमको खाता सञ्चालनका लागि माछापुच्छ्रे गाउँपालिकाको हकमा प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

१५. रकम फ्रिज नहुने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभै आर्थिक बर्षको अन्त्यमा बाकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

१६. कोषको लेखा र लेखापरीक्षण :

क. कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

ख. कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१७. प्रतिवेदन पेश गर्ने : समितिले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र माछापुच्छ्रे गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद - ४
## विविध

१८. श्रोतको व्यवस्थापन : माछापुच्छ्रे गाउँपालिका तथा वडाले बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनका लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।

१९. प्रोत्साहन पुरस्कारको व्यवस्था : बालसंरक्षण तथा सम्वर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लब, सञ्जाल तथा संघ संस्थालाई पालिकाले उचित प्रोत्साहन पुरस्कार प्रदान गर्न सक्नेछ ।

२०. कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार : कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै दुविधा हुन गएमा सोको व्याख्या वा वाधा अड्काउ फुकाउने अधिकार माछापुच्छ्रे गाउँपालिकालाई हुनेछ ।

२१. खारेजी र बचाउ : यो कार्यविधि बालबालिका सम्बन्धि प्रचलित नेपाल सरकारको कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म यो कार्यविधिमा लेखिएको कुराहरु अमान्य हुनेछन ।

२२. बालबालिका सम्बन्धी कार्य सञ्चालन गर्दा यो कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्बन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकारको कानूनमा भएको बालअधिकार संरक्षण र सम्वर्द्धन प्रक्रियाहरु अवलम्बन गर्न कुनै बाधा पर्ने छैन ।

अनुसूची १ दफा ९ क सँग सम्बन्धित

बालक्लब सूचीकृत प्रमाणपत्रको नमूना

माछापुच्छ्रे गाउँपालिका

कास्की

गण्डकी प्रदेश

नेपाल

प्रमाण-पत्र

आवद्धता नं. ...........

श्री...................................बाल क्लब

........................................

यस गण्डकी प्रदेश कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिका वडा नं......को.........................विद्यालय समुदायमा गठन भएको बालक्लबलाई यस गाउपालिकामा आवद्धता गरिबालअधिकार संरक्षण तथा सम्बर्धन कार्यसञ्चालन कार्यविधि, २०७४ को परिच्छेद २(९क)ले व्यवस्था गरेअनुसार आवद्धताको प्रमाण-पत्र प्रदान गरिएको छ ।

बालअधिकार संरक्षण र सम्वर्द्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्बन्धि अन्तराष्ट्रिय महासन्धि १९८९ तथा सबै बालबालिका सम्बन्धी कानूनहरुको अधिनमा रहि यस गाउँपालिकाको बालमैत्री अभियानमा यहाँहरुको सकृय सहभागिताको अपेक्षा गर्दछौ

प्रमाणित गर्नेः

नाम :

पद :

दस्तखत :

अनुसूची २

बालक्लब सञ्जाल आवद्धताको लागि निवेदनको ढाँचा

निवेदन पत्रको ढाँचा

मिति

श्री अध्यक्ष

माछापुच्छ्रे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लाहाचोक कास्की

विषय सूचीकृत आवद्धता गरी पाउ ।

महोदय

प्रस्तुत विषयका सम्बन्धमा हामीले................................नामको बालक्लब खोल्न चाहेकोले स्थानीय तहबाट स्वीकृत बालअधिकार संरक्षण तथा सम्बर्धन कार्यसञ्चालन कार्यविधि, २०७४ को परिच्छेद २(९)ले व्यवस्था गरेअनुसार समूह सूचीकृत आवद्धता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौ ।

प्रस्तावित समूहको निर्देशिकाको एक प्रति, सिफारीस, बालक्लब आवद्दता अभिलेख फारम र यथाशक्य समूहका पदाधिकारीहरुको जन्म दर्ता प्रमाणपत्रको फोटोकपी यसै साथ संलग्न गरिएको व्यहोरा अनुरोध गर्दछौ ।

भवदीय
अध्यक्ष

बालक्लब आवद्धताका लागि संलग्न गर्नुपर्ने कागजातहरु

१. अनुसूची २ अनुसारको निवेदन

२. अनुसूची ३ अनुसारको विधान २ प्रति

३. बालक्लबको निर्णय

४. विद्यालयको हकमा विद्यालयको सिफारीस

५. वडाको सिफारीस

६. बालक्लबको कार्यसमितिको बालबालिकाहरुको जन्मदर्ताको प्रतिलिपी

अनुसूची ३

बाल समूह वा क्लब.......................................को
गठन तथा कार्य संचालन निर्देशिका २०७६

**प्रस्तावना :** राष्ट्र निर्माणको लागि बालबालिकाहरुको समेत भूमिका महत्वपूर्ण हुने भएकोले उनीहरुको शारिरीक, सामाजिक, संवेगात्मक र बौद्धिक विकास गर्दै बालबालिकाहरुको हकहित एवम् बाल अधिकारको विषयमा जनचेतना जगाई सामाजिक, सांस्कृतिक, शैक्षिक एवम् अन्य सम्बद्ध क्षेत्रमा समेत बाल सहभागिता जुटाउन र बाल विकासका साथै बाल संरक्षणको पहल गर्न वाञ्छनीय भएकोले यो निर्देशिका तर्जुमा गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

यस विधानको नाम बाल समूह क्लब गठन तथा कार्य संचालन निर्देशिका, २०७६ रहने छ ।यो विधान माछापुच्छ्रे गाउँपालिकाबाट स्वीकृत भए पछि तुरुन्तै लागू हुनेछ ।

२. कार्यालय : यस विधान बमोजिम गठित.................. बाल समूह क्लब को कार्यालय कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिका वडा नं.....स्थित................स्थानमा रहनेछ ।

३. ठेगाना : यस बाल समूह क्लबको पत्राचार ईमेल वा सम्पर्क ठेगाना निम्न बमोजिम हुनेछ ।

..........................................................................

४. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

क. “क्लब” भन्नाले यस विधानको धारा ६ अनुरुप गठित क्लब जनाउने छ । यो क्लब भन्नाले माछापुच्छ्रे गाउँपालिकामा आवद्धता भएको बाल क्लबलाई जनाउनेछ ।

ख. “बालबालिका” भन्नाले यस विधानको प्रयोजनको लागि ८ वर्षदेखि माथि १८ वर्ष ननाघेका बालबालिकाहरुलाई जनाउनेछ ।

५. उद्देश्य एवम् कार्यहरु :

यस बाल समूहको देहाय बमोजिमका उद्देश्य एवम् कार्यहरु रहनेछन्

क. बालबालिकाहरुको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक तथा सहभागितात्मक विकासको अभिबृद्धि गर्ने ।

ख. बाल अधिकार सम्बन्धी राष्ट्रिय एवम् अन्तराष्ट्रिय कानूनको बारेमा सचेतना गराउनु ।

ग. बाल समूहको विस्तार र संगठनात्मक क्षमता अभिबृद्धि गर्ने ।

घ. धर्म, वर्ण, लिङ्ग, जातजाति वा अन्य कुनै आधारमा बालबालिकाहरुलाई विना भेदभाव समान अवसर प्रदान गर्ने बारे जनचेतना जगाउने ।

ङ. बालबालिकाहरुको विरुद्ध हुने घरायसी हिंसा बाल यौन शोषण, बाल दुर्व्यवहार, बालश्रम, बालबेचबिखन, बाल विवाह जस्ता सामाजिम विकृतिका विरुद्ध स्थानीय रुपमा सचेतना जगाई सो को कानूनी उपचारको लागि खोजी गर्ने ।

च. बाल अधिकार सम्बन्धी विविध कार्यक्रमहरु सञ्चालन गर्ने ।

छ. बाल विकास सम्बन्धी विविध कार्यक्रमहरु सञ्चालन गर्ने ।

ज. पुर्व बाल बिकास सम्बन्धी कार्यक्रमहरुमा सहभागी गराउने ।

झ. बालबालिका सम्बन्धी हरेक गतिविधिमा सहभागिता गराउने ।

ञ. वातावरण स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई बाल गतिविधिमा समावेश गराउनु ।

ट. आफ्नो समूह भित्रका बालबालिका सम्बन्धी विविध आधारमा तथ्यांक संकलन गर्नु।

ठ. बालबालिकाहरुको समस्या पहिचान गरी सो समस्या सम्बन्धित निकायमा पुर्याउन र समाधान गर्ने प्रयत्न गर्ने।

ड. जन्मदर्ता, बाल शिक्षा, बालिका शिक्षा, बालबृद्धि, सरसफाई, खोप, पोषण, बाल स्याहार, आयोडिनको महत्व जस्ता मातृ एवम् बाल स्वास्थ्यको विषयमा सन्देश वाहकको रुपमा कार्य गर्ने ।

ढ. बालबालिकाहरुसँग सम्बन्धित रोग झाडापखाला, निमोनिया तथा खुल्ला दिशा पिसाब मुक्त क्षेत्र बनाउने लगायतका विषयमा समाजमा जानकारी एवम् सो को निराकरणको लागि चेतना जगाउनु ।

ण. पिछडिएका, जोखिममा परेका, विपन्न, द्वन्द एवम् दैवी प्रकोपबाट पिडित बालबालिकाहरुको पुर्न थापनाको लागि पहल गर्नु ।

त. अन्य बाल समूहहरु वा निकायसँग समेत समन्वय गरी एकिकृत रुपमा काम गर्ने ।

थ. बालबालिकाको पूर्ण विकासका लागि अन्य विविध रचनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने ।

द. एच.आई भि.एड्सका सम्बन्धमा जनचेतना जागृत गराउने ।

ध. बालबिवाह, बहुविवाह, अनमेल विवाह, जातिय भेदभाव एवम् दाईजो प्रथा लगायत सामाजिक विकृतिको विरुद्ध जनचेतना जगाउने ।

न. बालबालिकाहरुलाई विविध प्रतिस्पर्धात्मक गतिविधिमा विना भेदभाव बालबालिकाहरुलाई सरिक गराउन पहल गर्ने ।

६. बाल क्लब गठन :

६.१ बाल क्लबको गठन समूहका साधारण सदस्यहरुको साधारण सभाबाट हुने निर्वाचन प्रकृयाबाट हुनेछ । यस बालक्लबको कार्य समितिमा निम्नानुसारका पदाधिकारी हुनेछन् ।

क. अध्यक्ष - १ जना

ख. उपाध्यक्ष - १ जना

ग. सचिव - १ जना

घ. सहसचिव - १ जना

ङ. कोषाध्यक्ष - १ जना

च. सदस्य घटीमा २ जना र बढीमा - ९ जनासम्म

छ. सल्लाहकार - आवश्यकता अनुसार

ज. संरक्षक - १ जना

६.२ बाल क्लबहरुको कार्यसमितिको संरचना समावेशीताको आधारमा गठन हुनेछ ।

७. सल्लाहकार :

बाल क्लबले सल्लाहकार नियुक्ति गर्दा निम्न आधारमा गर्नु पर्दछ ।

क. पूर्व बाल क्लबको अध्यक्ष पदेन सल्लाहकार हुनेछ ।

ख. स्थानीय शिक्षक, खेलाडी, प्रतिष्ठित व्यक्ति,प्राध्यापक वा समाजका प्रतिष्ठित व्यक्ति वा सम्बन्धित संस्थाका सदस्यहरुका अभिभावक मध्येबाट आवश्यकता अनुसार सल्लाहकारहरु रहने छन् ।

८. संरक्षक : बाल क्लबका संरक्षकमा संस्थालाई अभिभावकको रुपमा आर्थिक वा व्यवस्थापकीय सहयोग प्रदान गर्ने संस्था व्यक्ति रहने छन् ।संरक्षकको नियुक्ति बाल समूहको निर्णय अनुसार हुनेछ ।

८.१ विद्यालयमा १ जना शिक्षक संरक्षक र प्रधानाध्यापक प्रमुख संरक्षक शिक्षक रहनेछन ।

९. पदावधि : बालक्लबको पदावधी गठन भएको मितिले २ वर्षको हुनेछ ।कुनै पदाधिकारीले राजिनामा दिएमा वा अन्य कुनै कारणले पद रिक्त भएमा पदाधिकारीको हकमा बाँकी अवधिका लागि सम्बन्धित बाल क्लबले आफूमध्येबाट नियुक्त गर्नेछ र सदस्य पदका लागि आफ्नो साधारण सदस्य मध्येबाट चयन गर्नुपर्नेछ ।

१०. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार : पदाधिकारीहरुको देहाय बमोजिमको काम कर्तव्य र अधिकार हुनेछ ।

क. अध्यक्षको काम, कर्तव्यर अधिकार :

१. क्लबको वैठक र समूहको साधारण सभाको अध्यक्षता ग्रहण गर्ने ।
२. क्लबको वैठक वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने गराउने ।
३. क्लबको आम्दानी खर्च हिसाब र अन्य कागजात सुरक्षित राख्ने र राख्न लगाउने ।
४. क्लबको प्रतिनिधि चयन गरी पठाउने वा समूहको प्रतिनिधित्व गर्ने ।
५. क्लबको निर्णय र बाल संरक्षण समितिको निर्देशन कार्यान्वयन गर्ने गराउने।
६. उपाध्यक्ष र सदस्यहरुलाई विषयगत कार्यभार विभाजन गरी दिने ।
७. सात दिन भन्दा बढी समयका लागि अनुपस्थित भएमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएमा आफू मध्येका एक सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्ने ।
८. बाल समूहसँग समन्वय गरी वा अन्य संघ संस्था वा निकायहरुसँग कार्यक्रमको माग गर्ने र कार्यान्वयन गर्ने गराउने ।
९. तोकिएको अन्य कार्य गर्ने ।

ख. उपाध्यक्षको काम, कर्तव्य र अधिकार :
१. अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्ष भै कार्य गर्ने ।
२. तोकिएको अन्य काम गर्ने ।

ग. सचिवको काम, कर्तव्य र अधिकार :
१. क्लबको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने ।
२. बालबालिका वा बालक्लबसँग सम्बन्धित व्यक्तिको अध्यावधिक अभिलेख राख्ने ।
३. क्लबको चल अचल तथा जिन्सी सम्पतिको लगत राख्ने ।
४. क्लबको वैठकको माईन्युट गर्ने, निर्णय गर्ने पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने ।
५. समूहको प्रशासकीय कार्य गर्ने ।
६. अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने ।
७. तोकिएको अन्य काम गर्ने ।

घ. सहसचिवको काम, कर्तव्य र अधिकार :
१. सचिवको अनुपस्थितिमा सचिवको कार्यभार सम्हाल्ने ।
२. तोकिएको अन्य काम गर्ने ।

ङ. कोषाध्यक्षको काम ,कर्तव्य र अधिकार :
१. क्लबको आय व्यय दुरुस्त राख्ने ।
२. आर्थिक बजेट तयार गरी क्लबको बैठकमा पेश गर्ने ।
३. आर्थिक सहयोग जुटाउने ।
४. आर्थिक कारोबार सम्बन्धि जिम्मेवारी पूरा गर्ने ।
५. तोकिएको अन्य काम गर्ने ।

च. सदस्यको काम कर्तव्य अधिकार :
१. वैठकमा सहभागी हुने ।
२. निर्णयका लागि आफ्नो मत पेश गर्ने ।
३. तोकिएको अन्य काम गर्ने ।
४. क्लबको हित हुने अन्य रचनात्मक कार्य गर्ने

११. सदस्यता :

अ. सदस्यताको योग्यता : यस बाल समूहमा देहायका बालबालिका सदस्य हुन पाउने छन् :
क. उमेर कम्तीमा ८ वर्ष पुगी १८ वर्ष ननाघेको
ख. जीर्ण सरुवा रोग नलागेको
ग. मगज नविग्रेको वा वौलाहा नभएको
घ. समूहको निर्देशिकामा प्रतिवद्ध हुने ।

आ. सदस्यताको खारेजी :
क. मगज विग्रेमा वा वौलाहा भएमा,
ख. १८ वर्ष उमेर नाघेमा,

ग. मृत्यु भएमा,

घ. राजिनामा दिएमा,

ङ. अविश्वासको प्रस्ताव पारित भई हटाईएमा,

च. सदस्यता नवीकरण नभएमा ,

छ. लगातर तिन पटक विना सूचना वैठकमा अनुपस्थित भएमा,

ज. एक भन्दा वढी बाल समूहको सदस्यता लिएको पाईएमा वा प्रतिनिधित्व गरेमा।

१२. समूहका पदाधिकारीहरुको उमेरको हद : बाल समूहका कार्यसमितिका पदाधिकारीको उमेर कम्तीमा आठ वर्ष पुगेको हुनु पर्नेछ र १८ वर्ष सम्मको रहनेछ ।

१३. आरक्षण : यस बाल समूहमा सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५० प्रतिशत बालिका हुनुपर्नेछ तर समूहमा पर्याप्त बालिका सदस्य नभएमा पनि समूह कायमै रहनेछ ।

१४. सदस्यता शुल्क तथा नवीकरण :

क. बाल क्लबको सदस्यता शुल्क वा नवीकरण शुल्क वा अन्य कुनै शुल्क बाल समूहले तोके बमोजिम हुनेछ ।

ख. बाल क्लबका सदस्यहरुले आ-आफ्नो समूहमा हरेक वर्ष सदस्यता नवीकरण गर्नु पर्नेछ ।

ग. बाल क्लबले बाल समूह माछापुच्छ्रे गाउँपालिकामा प्रत्येक वर्ष क्लबको बार्षिक प्रतिवेदनका साथ नवीकरण गराउनु पर्नेछ ।

१५. वैठक : बाल क्लबले कम्तीमा महिनाको १ पटक वैठक बस्नु पर्नेछ ।वैठकको गणपुरक संख्य ५१ प्रतिशत उपस्थितिलाई मानिनेछ ।

१६. निर्णय : बाल क्लबको वैठकमा बहुमतको निर्णय मान्य हुने छ तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनसक्ने छ ।
नोट : निर्णय प्रक्रियामा संरक्षक वा सल्लाहकारले मतको प्रयोग गर्न पाउने छैनन ।

१७. निर्वाचन : बाल समूहले प्रजातान्त्रिक पद्धति अनुरुप आफ्नो समूहको निर्वाचन पदावधि समाप्त हुनुभन्दा एक महिना पहिले सम्पन्न गर्नुपर्नेछ ।

१८. निर्वाचन अधिकृतः बाल समूहले आफ्ना संरक्षक एवं सल्लाहकार मध्येबाट कम्तीमा तीन जना निर्वाचन अधिकृत तोक्नु पर्नेछ। सो मध्ये एक जना मुख्य निर्वाचन अधिकृत रहने छन्। मुख्य निर्वाचन अधिकृतले निर्वाचन प्रक्रिया वा कार्यविधि आफै निर्धारण गर्नेछ।

१९. कोष :

(क) यस बाल समूहले आफ्नो नामबाट एउटा कोषको स्थापना गर्नेछ ।

(ख) बैंक वा वित्तिय संस्थामा खाता संचालन गर्न समूहले अध्यक्ष, कोषाध्याक्ष र संरक्षकको नामबाट संचालन गर्नुपर्नेछ । कोषबाट रकम झिक्नु पर्दा समूहको निर्णय अनिवार्य रुपमा हुनु पर्नेछ। बाल समूह क्लबको निर्णय अनुसार कोषको रकम खर्च गर्न सकिने छ तथा बैंक खाता खोल्नका लागि माछापुच्छ्रे गाउँपालिकाको अनिवार्य सिफारीस लिनु पर्नेछ ।

(ग) कोषमा देहायका स्रोतबाट रकम जम्मा हुनेछ :

१. बालबालिकासँग सम्बन्धित निकायबाट प्राप्त सहयोग।

२. सहयोग, उपहार।

३. सदस्यता तथा नवीकरण शुल्क।

४. सांस्कृतिक वा विविध रचनात्मक कार्यक्रमबाट उठेको रकम।

५. समूहको प्रकाशनबाट प्राप्त हुने रकम।

६. बाल समूह जिल्ला समन्वय समितिबाट प्राप्त हुने रकम।

७. अन्य सामाजिका संघ संस्थाबाट प्राप्त रकम।

२०. प्रतिवेदन : बाल समूहले आफ्नो वार्षिक साधारण सभाबाट पारित वार्षिक प्रतिवेदन सम्बन्धीत वडामा र माछापुच्छ्रे गाउँपालिकामा प्रत्येक वर्षको असार मसान्त भित्र पेश गर्नु पर्नेछ।

२१. संशोधन : यो निर्देशका संशोधन गर्दा बाल समूहको साधारण सभाको दुई तिहाई सदस्यहरुको बहुमतले निर्देशिका संशोधन प्रस्ताव पारित भई माछापुच्छ्रे गाउँपालिकाबाट स्वीकृत भएमा यो निर्देशिका लागू हुनेछ।

२२. बचाउ : प्रस्तुत निर्देशिकामा उल्लेखित कुराहरु प्रचलित नेपाल ऐन नियम वा विनियमसँग बाझिएमा बाझिएको हदसम्म यस निर्देशिकामा उल्लेखित कुराहुर स्वतः अमान्य हुनेछन्।

२३. समूहको खारेजी वा विघटन : कुनै कारणवश समूह खारेजीमा परेमा वा विघटन हुन गएमा त्यस समूहको सम्पूर्ण चल अचल सम्पत्ति माछापुच्छ्रे गाउँपालिकाको संरक्षणमा सर्नेछ।

२४. विविध :

१. साधारण सभाः समूहको साधारण सभा वर्षको एक पटक बस्नेछ। साधारण सभाको सूचना प्रत्येक सदस्यहरुलाई १ महिना अगावै सचिवले दिनु पर्नेछ। साधारण सभामा समूहको वार्षिक कार्य प्रगती प्रतिवेदन, आर्थिक प्रतिवेदन तथा वार्षिक कार्ययोजना सम्बन्धी प्रस्तावहरु निर्णयार्थ समूहले पेश गर्नेछ । साधारणसभाको गणपूरक संख्या समूहका साधारण सदस्यहरुको ५१५ को उपस्थितिलाई मानिनेछ ।

२. कार्यविधि बनाउनेः निर्देशिकाको उद्देश्य प्राप्तीको लागि समूहले आफूलाई आवश्यक पर्ने विनियम बनाउन सक्नेछन् साथै आवश्यक समिति र उपसमितिहरुको पनि गठन गर्न सक्नेछन। यो समितिको कार्याविधि बाल समूह क्लबले निर्धारण गर्नेछ ।

३. संशोधनः समूहको निर्देशिका संशोधन गर्न परेमा निर्देशिका संशोधन प्रस्ताव समूहको साधारण सभाको दुई तिहाई बहुमतको निर्णय भई माछापुच्छ्रे गाउँपालिकाबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

४. अविश्वासको प्रस्ताव : समूहको निर्देशिका विपरित कार्य गरेको भनि समितिको कुनै पदाधिकारी माथि समितिको एक तिहाई सदस्यहरुले गरेको लिखित अविश्वासको प्रस्ताव समूहमा पेश गरेमा सो प्रस्ताव साधारण सभाको दुई तिहाई बहुमतबाट पारित भएमा त्यस्ता पदाधिकारीहरु स्वतः पद मुक्त हुनेछन् ।

%= ;d"xn] cf^gf] lgb{]lzsf Pj+ kbflwsf/L ;b:o ;lxtsf] gfdfjnL ;DalGwt :yfgLo txdf k]z ug{' kg]{5 .